# औद्योगिक क्षेत्रको उत्पादकको मूल्य सूचकांक (Producer's Price Index of Industrial Sector, PPI)

## आ.व. २०७३/०७४ को तेस्रो त्रैमासिक उत्पादकको मूल्य सूचकांकः

आ.व. २०७३/०७४ को तेस्रो त्रैमासिकमा समग्र औद्योगिक क्षेत्रको त्रैमासिक उत्पादकको मूल्य सूचकांक **(Quarterly Producer's Price Index)** दोस्रो त्रैमासिकको तुलनामा ०.९८ प्रतिशतले बृद्धि भई ११२.९१ पुगेको अनुमान गरिएको छ भने अघिल्लो वर्षको सोहि त्रैमासिकको सूचकांकमा ४.७९ प्रतिशतले बृद्धि भएको देखिन्छ । आर्थिक कृयाकलापहरुको समूह अनुसार हेर्दा खानी तथा उत्खनन्, उद्योग र विद्युत तथा ग्याँसको तेस्रो त्रैमासिक मूल्यमा क्रमशः ०.२७, १.१० र ०.१८ प्रतिशतले बृद्धि भई सूचकांकहरु क्रमशः ११८.१६, ११२.०९ र ११९.१९ पुगेको अनुमान गरिएको छ भने पानीको मूल्यमा परिवर्तन नभएकोले सूचकांक १०० नै रहेको छ । यसै गरी गत वर्षको तेस्रो त्रैमासिकको तुलनामा खानी तथा उत्खनन्, उद्योग र विद्युत तथा ग्यासको मूल्यमा क्रमशः ९.०१, ३.२४ र १९.१९ प्रतिशतले बृद्धि भएको अनुमान गरिएको छ । चालु आ.व.को त्रैमासिक सूचकाङ्कहरुमा उल्लेख्य परिवर्तन भएको नदेखिए पनि गत आ.व.को तेस्रो त्रैमासिकबाट चालु आ.व.को तेस्रो त्रैमासिकमा सूचकांकमा उल्लेख्य बृद्धि भएको देखिन्छ । यसरी उत्पादकको मूल्य सूचकांकमा बृद्धि हुनुको मुख्य कारण उत्खनन र विद्युतमा नयाँ आ.व. सँगै भएको मूल्य बृद्धि हो ।

| उत्पादकको मूल्य सूचकाङ्कहरु | आ.व. २०७१/७२ आधार वर्ष | आ.व. २०७२/७३ वार्षिक | आ. व. २०७३/७४ | | |
|---|---|---|---|---|---|
| | | | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
| **कुल सूचकाङ्क (PPI)** | **१००.००** | **१०७.८९** | **१११.७३** | **१११.८१** | **११२.९१** |
| खानी तथा उत्खनन् | १००.०० | १०८.२७ | ११७.९७ | ११७.८४ | ११८.१६ |
| उद्योग (MPPI) | १००.०० | १०८.७४ | ११०.७७ | ११०.८७ | ११२.०९ |
| विद्युत र ग्याँस | १००.०० | १००.०० | ११८.९८ | ११८.९८ | ११९.१९ |
| पानी | १००.०० | १००.०० | १०० | १०० | १०० |




## उद्योग क्षेत्रको उत्पादकको मूल्य सूचकांक (Manufacturing Producer Price Index) को स्थितिः

उद्योग क्षेत्रको उत्पादकको मूल्य सूचकांकलाई नेपाल प्रामाणिक औद्योगिक वर्गीकरण Nepal Standard Industrial Classification; NSIC 3 -Digit को आधारमा अनुसार दोस्रो र तेस्रो त्रैमासिकको तुलना गर्दा २९ वटा औद्योगिक समूहहरु मध्ये १९ वटा NSIC समूहहरुमा बृद्धि भएको अनुमान गरिएको छ । जस अनुसार अधिकतम बृद्धि हुनेबस्तुहरुमा आधारभूत बहुमूल्य तथा गैरफलामजन्य धातुको उत्पादन (Manufacture of basic precious and non -ferrous metal) ५.१३ प्रतिशत, काठ चिर्ने र रन्दा लगाउने (चिप्लो पार्ने) क्रियाकलापहरू (Sawmilling and planing of wood) ४.९१ प्रतिशत, बिजुलीका तार र तारका सामान उत्पादन (Manufacture of wiring and wiring devices) ४.७० प्रतिशत आदि रहेका छन । साथै ८ वटा NSIC समूहहरुको सूचकाङ्कमा सामान्य गिरावट हुने अनुमान गरिएको छ । सूचकांकमा अधिकतम गिरावट आएका NSIC समूहहरुमा आधारभूत रसायनको उत्पादन (Manufacture of basic chemical) २.३७ प्रतिशत, धातुका विभिन्न ढाँचामा बनेका संरचनाहरू जस्तैः ट्याङ्क, रिजर्भ्याएर, स्टिम जेनेरेटर जस्ता वस्तुहरूको उत्पादन (Manufacture of structural metal products, tank, reservoirs and steam generator) १.८९ प्रतिशत, सुर्तीजन्य पदार्थ उत्पादन (Manufacture of tobacco products) १.३४ प्रतिशत रहेका छन । साथै २ वटा NSIC समूहहरु जुत्ता चप्पल उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of footwear) र घरायसी उपभोगका इलेक्ट्रोनिक्स सामानहरूको उत्पादन (Manufacture of consumer electronics) को सूचकाङ्कमा कुनै परिवर्तन नभएको देखिन्छ ।

यसै गरी वस्तुगत तहमा हेर्दा ५४ वटा 4–Digit Central Product Classification (CPC) वस्तुहरु मध्ये दोस्रो त्रैमासिकबाट तेस्रो त्रैमासिकमा ३१ वटा वस्तुहरुको मूल्य सामान्य वृद्धि, ४ वटा वस्तुहरुका मूल्यमा स्थिरता र १९ वटा वस्तुहरुका मूल्यमा सामान्य गिरावट आएको अनुमान गरिएको छ । जस अनुसार अधिकतम बृद्धि तामावस्तुगत आधारमा त्रैमासिक उत्पादकको मूल्य सूचकांकमा अधिकतम बृद्धि भएका ५ वस्तुहरु र अधिकतम गिरावट भएका ५ वटा वस्तुहरुको विवरण देहाय बमोजिम रहेको छ ।

### क. सूचकांकमा अधिकतम बृद्धि भएका ५ वस्तुहरुको विवरण

| वस्तुहरु | आ. व. २०७३/७४ | | |
|---|---|---|---|
| | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | बृद्धि प्रतिशत |
| ईन्सुलेटेड वाईन्डीङ तार | ९५.२३ | ९९.७२ | ४.७१ |
| जुटको वोरा | ११३.६० | ११८.८९ | ४.६५ |
| फलाम वा स्टीलको छड र डण्डीहरु | १०९.५६ | ११३.७० | ३.७७ |
| चिनी | १३७.०१ | १४१.९१ | ३.५८ |
| प्लाष्टिकका झोला | ९९.५८ | १०२.५६ | २.९९ |

### ख. सूचकांकमा अधिकतम गिरावट आएका ५ वस्तुहरुको विवरण

| वस्तुहरु | आ. व. २०७३/७४ | | |
|---|---|---|---|
| | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | घटेको प्रतिशत |
| रोजिन र टर्पेनिक तेल | १०४.०८ | १०१.६१ | २.३७ |
| जुटको सुतली | ११३.२१ | ११०.९३ | २.०२ |
| ईटाँ | १०५.९९ | १०४.१९ | १.७० |
| प्लाष्टिकका ट्युव पाईप तथा पाईप फिटिङ | १०७.०४ | १०५.६० | १.३५ |
| विस्कुट | १११.६० | ११०.११ | १.३३ |